# संवत् २०७८ साल असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — सम्माननीय प्रधानमन्त्रीज्यूको प्रशासन सल्लाहकारमा श्री जनार्दन नेपाल, पाँचखाल न.पा-३, काभ्रेपलाञ्चोकलाई सहायक मन्त्रीसरहको पारिश्रमिक र सुविधा उपलब्ध गराउने गरी नियुक्त गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नलगाड जलविद्युत आयोजनाको लागि जाजरकोट जिल्ला, नलगाड नगरपालिका वडा नं १० र ११मा करिब ४७ रोपनी निजी जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउन सोही कम्पनीका इन्जिनियर श्री पदम बहादुर थापालाई प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने।

३. गृह मन्त्रालय — UNESCAP को व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी दोस्रो मन्त्रीस्तरीय सम्मेलनमा माननीय गृहमन्त्री नेतृत्वको टोलीलाई भर्चुअल माध्यमबाट सहभागिताका लागि स्वीकृति प्रदान गर्ने।

४. गृह मन्त्रालय — बहुप्रवेशी गैर पर्यटक भिसा निःशुल्क प्रदान गर्ने।

५. परराष्ट्र मन्त्रालय — माननीय परराष्ट्र मन्त्रीज्यूको नेतृत्वमा संयुक्त राष्ट्र संघको ७६ औं महासभामा सहभागी हुनका लागि नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने।

६. परराष्ट्र मन्त्रालय — राजनीतिक नियुक्तिका राजदूतहरूलाई फिर्ता बोलाउने।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाली सेनाबाट सडक निर्माण गराउन स्वीकृति दिने।

८. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, इन्जिनियरिङ्ग समूह, मर्मत तथा सम्भार उपसमूहका महासेनानी सुरेश गुरुङ्गको पदावधि थप गर्ने।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८ स्वीकृत गर्ने।

१०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — कोभिड-१९ व्यवस्थापन आदेश, २०७८ स्वीकृत गर्ने।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा कार्यरत बरिष्ठ कन्सल्टेण्ट सर्जन डा.पुकारचन्द्र श्रेष्ठलाई सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको रिक्त कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — गृह मन्त्रालयअन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र ७ (सात) वटा जिल्ला प्रशासन कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

१७. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषदका लागि आ.व. ०७८/७९ मा आवश्यक पर्ने अधिकृतस्तरका १५ पदहरुको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित विकास आयोजनाहरुको लागि अधिकृतस्तरका ८८ (अठासी) अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

१९. खानेपानी मन्त्रालय — खानेपानी मन्त्रालयअन्तर्गत सञ्चालित २० वटा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु र १२ वटा आयोजनाहरुमा आवश्यक पर्ने अधिकृतस्तरका २३५ अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

२०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय —

१.नेपाल सरकारले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ रोग रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न देहायको आदेश जारी गरेको छ :-

सर्वसाधारणको दैनिक क्रियाकलाप, पेशा तथा व्यवसायको सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने गराउनेः-

क. सर्वसाधारण सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने।

ख. चाड पर्व मनाउँदा भिडभाड नगर्ने, सकभर घरमै मनाउने, स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गरेर मात्र आवत जावत गर्ने।

ग. अनावश्यक रूपमा मानिसहरू घर बाहिर ननिस्कने, भिडभाड नगर्ने, सभा जुलुस, महोत्सव आदि नगर्ने।

घ. उद्योग, कलकारखाना, होटेल, रेष्टुरेण्ट, सिनेमा हल, व्यायामस्थल लगायतका स्थान सामाजिक दूरी कायम राखी स्वास्थ्यका मापदण्डको पालना हुने गरी सञ्चालन गर्ने, कामदार कर्मचारीको समय समयमा एण्टीजेन, र्‍यापिड एण्टीजेन तथा कोभिड-१९ परीक्षण गर्ने गराउने, आफ्नो व्यवसाय परिसर निसङ्क्रमित (डिस्इन्फेक्ट) गर्ने।

ङ. सार्वजनिक यातायात सञ्चालकले सीट क्षमताभन्दा बढी यात्रु नराख्ने, चालक दल र सबै यात्रुले अनिवार्य रूपमा मास्क लगाउने, सवारी साधनमा यात्रुलाई उपलब्ध हुन सक्ने गरी स्यानिटाइजरको व्यवस्था गर्ने र प्रत्येक दिन निसङ्क्रमित (डिस्इन्फेक्ट) गरेर मात्र सवारी साधन चलाउने। सार्वजनिक सवारीमा स्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने दायित्व सञ्चालक एवं चालकको हुने र पालना नभएको पाइएमा सञ्चालक तथा चालकलाई कारबाही हुने।

च. बैठक, गोष्ठी, सेमिनारहरू भर्चुअल माध्यमबाट गर्ने, भौतिक उपस्थितिमा गर्नैपर्ने भएमा स्वास्थ्यका मापदण्ड अनिवार्य रूपमा पालना हुने गरी गर्ने। स्वास्थ्यका मापदण्ड पालना गराउने दायित्व सम्बन्धित आयोजकको हुने र पालना नभएको पाइएमा निजलाई कारबाही हुने।

छ. होटेल वा पार्टी प्यालेसले कुनै बैठक, सेमिनार, गोष्ठी, भोज वा यस्तै कार्यक्रम गर्दा आगन्तुक वा सहभागीलाई स्वास्थ्यका मापदण्ड पालना गराउने, कार्यक्रमस्थलमा कोभिड-१९ को चिन्ह वा लक्षण भएका व्यक्तिको परीक्षणको व्यवस्था गर्ने, हात धुने वा स्यानिटाइजरको व्यवस्था गर्ने दायित्व सम्बन्धित होटेल वा पार्टी प्यालेस सञ्चालकको हुने।

ज. विद्यालयलगायतका शैक्षिक संस्थाहरूमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने सम्बन्धमा कोभिड-१९ जोखिमको विश्लेषण गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपयुक्त निर्णय गर्ने।

झ. शैक्षिक संस्था वा अन्य कुनै संस्थाले भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्नुपरेमा स्थानीय प्रशासन र स्थानीय तहको समन्वयमा परीक्षा सञ्चालन हुने कोठा हरेक दिन निसङ्क्रमित (डिस्इन्फेक्ट) गर्ने, एउटा कोठामा २५ जना भन्दा बढी नहुने, सामाजिक दूरी कायम हुने र स्वास्थ्यका मापदण्ड पालना हुने कुरा सुनिश्चित गरेर मात्र परीक्षा सञ्चालन गर्ने।

ञ. सार्वजनिक सेवा प्रवाह गर्दा वा बैंक वित्तीय संस्थालगायतले सेवा प्रवाह गर्दा सामाजिक दूरी कायम हुने र स्वास्थ्यका मापदण्डको पालना हुने गरी सेवा प्रवाह गर्ने र यथासम्भव अनलाइन माध्यमबाट सेवा प्रदान गर्ने।

ट. होटेल, पार्टी प्यालेस वा यस्तै धेरै मानिसहरूको सहभागिता हुने स्थानका सञ्चालकले यथासम्भव समय समयमा आफ्ना कर्मचारी तथा सहभागीहरूको एण्टीजेन, र्‍यापिड एण्टीजेन वा सेल्फ टेष्टिङ्ग एण्टीजेन परीक्षण गर्ने।

ठ. उपर्युक्त मापदण्डहरूको पालना भए नभएको सम्बन्धमा स्थानीय प्रशासन र स्थानीय तहले नियमित अनुगमन गर्ने गराउने।

१. जिल्लागत रूपमा कोभिड-१९ को सङ्क्रमण जोखिमको आधारमा सार्वजनिक आवागमन, बिभिन्न पेशा व्यवसायको सञ्चालन तथा अन्य सार्वजनिक गतिविधि सञ्चालन सम्बन्धमा निषेधको आदेश जारी गर्ने लगायत आवश्यक व्यवस्था गर्न सक्ने गरी सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम सबै प्रमुख जिल्ला अधिकारीहरूलाई मुकरर गरी अधिकार सुम्पने।

२. प्रकरण १ र २ का आदेशहरू अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।"

## संवत् २०७८ साल असोज ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — सार्वजनिक पदधारण गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

२. अर्थ मन्त्रालय — नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुंगानालाई सफाइको मौका दिने।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — इन्दिरा दहाल भट्टराईलगायत ८ जना नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको सरुवा गर्ने।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — रासायनिक मल (नियन्त्रण) (दोस्रो संशोधन) आदेश, २०७८ स्वीकृत गर्ने।

५. गृह मन्त्रालय — तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

६. गृह मन्त्रालय — नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने।

७. गृह मन्त्रालय — भारतको नयाँ दिल्लीमा आगामी वि.स. २०७८ असोज १८ - २० गते हुने पाँचौं नेपाल - भारत समन्वय बैठकमा भाग लिन सशस्त्र प्रहरी महानिरीक्षक श्री शैलेन्द्र खनालको नेतृत्वको प्रतिनिधिमण्डललाई भ्रमण स्वीकृति प्रदान गर्ने।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — शिखर नगरपालिकालाई प्रशासकीय भवन निर्माणका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — समाज कल्याण परिषद्का पदाधिकारीहरूको राजीनामा स्वीकृत गर्ने।

१०. युवा तथा खेलकुद मन्त्रालय — युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्ष डा. देवराज रोकालाई सफाइको मौका दिने।

११. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव श्री रमेश कुमार सिलवाललाई सफाइको मौका दिने।

१२. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री माधव प्रसाद ढुंगेललाई सफाइको मौका दिने।

१३. रक्षा मन्त्रालय — उपरथी विनय विक्रम राणालाई मित्रराष्ट्र भारतमा सञ्चालन हुने Indo-Nepal Battalion level Combined Exercise (EX-SURYA KIRAN “XV”) को Observation Delegation मा सहभागी हुन स्वीकृति दिने।

१४. वन तथा वातावरण मन्त्रालय — वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेम नारायण कँडेललाई बेलायतमा हुने CoP 26 कार्यक्रममा सहभागिताका लागि स्वीकृति दिने।

१५. वन तथा वातावरण मन्त्रालय — रामेछाप जिल्लाको उमाकुण्ड र गोकुलगंगा गाँउपालिका एवं दोलखा जिल्लाको तामाकोशी गाँउपालिकाअन्तर्गत रहेका विभिन्न ६ वटा सामुदायिक वनहरु लगायत राष्ट्रिय वन क्षेत्रको कूल जम्मा १६.२९७९ (सोह्र दशमलव दुइ नौ सात नौ हेक्टर) जग्गा पच्चिस वर्षका लागि प्रयोग गर्न दिइ तहाँ रहेका १६६० वटा रुख तथा पोलहरु हटाउन स्वीकृति प्रदान गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा (३) बमोजिम छत्रकोट-१, गुल्मी निवासी श्री विष्णु प्रसाद सुवेदीलाई गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष पदमा नियुक्त गर्ने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — बी.पी. कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने।

१८. राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ख) बमोजिम खारेज हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१९. फेवातालको चारकिल्ला निर्धारण, सीमाङ्कन तथा नक्साङ्कन समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

   १. स्थल मार्गबाट नेपाल प्रवेशको लागि साबिकमा तोकिएका अन्तर्राष्ट्रिय सीमा नाकाहरू खुला गर्ने।

   २. स्थल मार्गबाट नेपाल प्रवेश गर्न चाहने भिसा आवश्यक पर्ने मुलुकका विदेशी नागरिकहरूलाई अध्यागमन कार्यालय रहेका सीमा नाकाहरूबाट प्रचलित कानूनबमोजिम भिसा प्राप्त गरी नेपाल प्रवेश गर्न दिने।

   ३. माथि १ र २ बमोजिम नेपाल प्रवेश गर्ने नेपाली तथा विदेशी नागरिकहरूले मिति २०७८/६/५ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट जारी "विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८" बमोजिमका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

## संवत् २०७८ साल असोज १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — जेनेभामा आयोजना हुने WTO को बाह्रौं मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुने प्रतिनिधिमण्डल गठन गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको जनसम्पर्क सल्लाहकारमा ढाकावाङ, अर्घाखाँचीका श्री सुशिल खनाललाई नियुक्ति गर्ने।

३. गृह मन्त्रालय — ईन्टरपोल महासचिवालयको आयोजनामा सन् २०२१ नोभेम्बर २३ देखि २५ सम्म Turkey को Istanbul मा आयोजना हुन गईरहेको ईन्टरपोलको ८९ औं महासभामा सहभागिताको लागि प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

४. गृह मन्त्रालय — नेपाली नागरिकलाई विदेशी मुलुकबाट विभूषण ग्रहण गर्न स्वीकृति दिने।

५. वन तथा वातावरण मन्त्रालय — ल्याप्चे खोला जलविद्युत आयोजना (१६०मे.वा.) को हेडवर्क्स, सर्जट्यांक, पावरहास एवं पहुँचमार्ग लगायतका भौतिक संरचनाहरु निर्माण गर्न गौरीशंङ्कर संरक्षण क्षेत्र अन्तर्गत दोलखा जिल्लाको बिगु गाँउपालिका-१ लामाबगरमा परेको सरकारी वन क्षेत्रको कूल जम्मा ५६.९३ हेक्टर जग्गा तीस वर्षसम्म प्रयोग गर्न दिइ तहाँ रहेका ५१८४ वटा रुख एवं पोलहरु हटाउन स्वीकृति दिने।

६. वन तथा वातावरण मन्त्रालय — संरक्षण क्षेत्रभित्र वातावरणीय प्रभाव अध्ययन गर्न सैद्धान्तिक सहमति दिने।

७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — चिकित्सा शिक्षा आयोग र मन्त्रालयअन्तर्गत कार्यक्रम, परियोजना, आयोजना, समितिमा अधिकृतस्तरका जम्मा ६६ (छैंसट्ठी) अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न लागि जम्मा ३९(उनान्चालीस) अधिकृतस्तरका अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

९. वन तथा वातावरण मन्त्रालय — वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालित र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि अधिकृतस्तरका ५१ पदहरुको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

१०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — आर्थिक वर्ष २०७८/०७९ का लागि राष्ट्रिय सूचना प्रविधि केन्द्र वा अन्तर्गत निकायको लागि अधिकृतस्तरका २३ (तेइस) पदहरुको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — आर्थिक वर्ष २०७८/०७९ का लागि विज्ञापन बोर्डका लागि अधिकृतस्तरका ८ (आठ) पदहरुको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

१२. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री गोपाल प्रसाद सिग्देललाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी नेपाल ट्रष्टको कार्यालयको सचिव पदमा पदस्थापन गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल असोज १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — वैदेशिक रोजगार न्यायाधिकरणको सदस्यमा नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता डा. गोपीचन्द्र भट्टराईलाई तोक्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — राष्ट्रिय अनुसन्धान विभागको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय — नेपाल राजस्व परामर्श समितिको लागि अर्थ मन्त्रालय र अन्तर्गत मौजुदा दरबन्दीबाट पदपूर्ति गर्ने गरी आवश्यक पर्ने अधिकृतस्तरका ६ पदहरुको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

४. अर्थ मन्त्रालय — निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्ष पदमा अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री कृष्णहरी पुष्करलाई तोक्ने।

५. अर्थ मन्त्रालय — ऋण असुली न्यायाधिकरणको रिक्त कानुन सदस्य पदमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव श्री विष्णुप्रसाद रेग्मीलाई ५ (पाँच) वर्षका लागि नियुक्त गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।।

६. अर्थ मन्त्रालय — चाँदीको पैठारीमा लाग्ने भन्सार महसुल दर वृद्धि गर्ने।

७. अर्थ मन्त्रालय — नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुंगानालाई पदबाट हटाउने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित आयोजना/परियोजना तथा कार्यक्रमहरुको चालु आर्थिक वर्ष २०७८।०७९ का लागि जम्मा ७३ (त्रिहत्तर) वटा राजपत्राङ्कित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

९. गृह मन्त्रालय — शान्ति सुरक्षा सम्बन्धी कार्यमा हुने खर्चको मापदण्ड, २०७८ को मस्यौदा स्वीकृत गर्ने।

१०. परराष्ट्र मन्त्रालय — NAM को Commemorative High-level Meeting मा भाग परराष्ट्रमन्त्री नेतृत्वको ४ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

११. परराष्ट्र मन्त्रालय — विद्युतीय राहदानीको बुकलेटमा उल्लेख हुने सुरक्षा विशेषताहरू (Security Features) स्वीकृत गर्ने।

१२. परराष्ट्र मन्त्रालय — ICAO- Public Key Directory (PKD) मा सहभागी हुन स्वीकृत दिने।

१३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३ को संशोधन गर्ने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सिनियर डिभिजनल इन्जिनियर श्री सुरेश के.सी लाई राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — प्रमुख बालरोग विशेषज्ञ, डा. राम पदारथ विच्छाको सेवा अवधि मिति २०७८।०७।०७ देखि लागु हुने गरी ३ बर्ष थप गर्ने।

१६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१७. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री रविलाल पन्थलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने।

१८. देहायबमोजिमका विधेयकहरू संघीय संसदबाट फिर्ता लिने—

१. यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक।

२. फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक।

३. रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

४. सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल असोज २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालय — विश्व बैंकको प्रधान कार्यालय, वासिङ्गटन डि.सि., अमेरिकामा South East Asia Voting Group (SEAVG) को कार्यकारी निर्देशक (Executive Director - ED) को सल्लाहकार (Advisor) पदमा अर्थ मन्त्रालयका उपसचिव नरेन्द्र प्रकाश पाण्डेयलाई मनोनयन गर्ने।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी, सहसचिव पदका ६ (छ) पुल दरबन्दी सिर्जना सम्बन्धी तेरिज स्वीकृत गर्ने।

३. नेपाल सरकारको प्रवक्तामा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तोक्ने।

४. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम म.प.बै.सं. ३४।०७८ मिति २०७८/४/२५ को बैठकबाट गठन भएको मन्त्रिपरिषद् समितिमा देहायबमोजिम हेरफेर गरी पुनर्गठन गर्ने—

(क) <u>मन्त्रिपरिषद् राजनैतिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | **सम्माननीय प्रधानमन्त्री** | - | **संयोजक** |
| २. | माननीय गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री | - | सदस्य |
| ४. | माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ५. | माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री | - | सदस्य |
| ६. | माननीय अर्थ मन्त्री | - | सदस्य |
| ७. | माननीय रक्षा मन्त्री | - | सदस्य |
| ८. | माननीय परराष्ट्र मन्त्री | - | सदस्य |
| ९. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री | - | सदस्य |

(ख) <u>मन्त्रिपरिषद् प्रशासन समिति</u>

| | | | |
|---|---|---|---|
| १. | **माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री** | - | **संयोजक** |
| २. | माननीय गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - | सदस्य |
| ४. | माननीय अर्थ मन्त्री | - | सदस्य |
| ५. | माननीय रक्षा मन्त्री | - | सदस्य |
| ६. | माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री | - | सदस्य |
| ७. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री | - | सदस्य |
| ८. | माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ९. | माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री | - | सदस्य |

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

(ग) <u>मन्त्रिपरिषद् सामाजिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री** | - | **संयोजक** |
| २. | माननीय गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | - | सदस्य |
| ४. | माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |
| ५. | माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री | - | सदस्य |
| ६. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री | - | सदस्य |
| ७. | माननीय सहरी विकास मन्त्री | - | सदस्य |
| ८. | माननीय वन तथा वातावरण मन्त्री | - | सदस्य |
| ९. | माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री | - | सदस्य |
| १०. | माननीय युवा तथा खेलकुद मन्त्री | - | सदस्य |

(घ) <u>मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति</u>

| | | | |
|---|---|---|---|
| १. | **माननीय अर्थ मन्त्री** | - | **संयोजक** |
| २. | माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | – | सदस्य |
| ३. | माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री | – | सदस्य |
| ४. | माननीय खानेपानी मन्त्री | – | सदस्य |
| ५. | माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री | – | सदस्य |
| ६. | माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | – | सदस्य |
| ७. | माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | – | सदस्य |
| ८. | माननीय सहरी विकास मन्त्री | – | सदस्य |
| ९. | माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | – | सदस्य |
| १०. | माननीय वन तथा वातावरण मन्त्री | – | सदस्य |

(ङ) <u>मन्त्रिपरिषद् विधेयक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री** | - | **संयोजक** |
| २. | माननीय गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ४. | माननीय अर्थ मन्त्री | - | सदस्य |
| ५. | माननीय खानेपानी मन्त्री | - | सदस्य |
| ६. | माननीय परराष्ट्र मन्त्री | - | सदस्य |
| ७. | माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |
| ८. | माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री | - | सदस्य |
| ९. | माननीय युवा तथा खेलकुद मन्त्री | - | सदस्य |

५. अर्थ मन्त्रालय — सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू